लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**बीउ बिजन प्रयोगशाला**
भैरहवा, रुपन्देही

फोन नं.
☎०७१-४२१०२०
ईमेल:
bhairahawaseedlab@gmail.com
वेबसाइट:
seedlabbhw.gov.np

पत्र संख्या:- २०८०/८१
चलानी नं.- १९४

मितिः२०८०/१०/०५

श्री सरकारी/निजि फर्म तथा कम्पनी/कृषक समुह/सहकारी/बीउ व्यवसायीहरु सबै।

विषयः जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयमा मुल बीउ उत्पादकले अनिवार्य रुपमा कृषि विषयमा स्नातक तह उतीर्ण र प्रमाणपत्र तह उतीर्ण कर्मचारी राख्ने व्यवस्था भएकोमा हाल कतिपय संस्थाहरुले प्राविधिक कर्मचारी नराखी बीउ उत्पादन, प्रशोधन तथा बिक्रि वितरण गरिरहेको पाईएकोले अनिवार्य रुपमा कृषि प्राविधिकहरु नियुक्ति र कार्यक्षेत्र शर्त सहित सम्झौता गरी निजको नाम, सम्पर्क नं. र ईमेल यस प्रयोगशालामा उपलब्ध गराईदिनु हुन अनुरोध छ। साथै, बाली योजना, निरीक्षण, परीक्षण, प्रमाणीकरण लगायत अन्य संस्थागत सुधारका कार्यहरु गर्न प्राविधिक कर्मचारीहरूलाई नै जिम्मेवार बनाउनु हुन अनुरोध छ। मुल बीउ उत्पादनको लागी चाहिने पुर्वाधार लगायत अन्य मापदण्ड पुरा गर्नु हुन वा समान कार्यक्षेत्र तथा विषयगत क्षेत्र भएका संस्थाहरु समेत एक आपसमा गाभिई तोकिए बमोजिमको मापदण्ड पुरा गरी बीउ बिजन उत्पादन र बिक्रि वितरणमा संलग्न हुन समेत जानकारी गराईन्छ।

२०८०/१०/०५

शालिकराम गौतम
नि.प्रमुख

शालिक राम गौतम
नि. प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# बीउ बिजन प्रयोगशाला

भैरहवा, रुपन्देही

फोन नं.
०७१-४२१०२०
ईमेल:
bhairahawaseedlab@gmail.com
वेवसाइट:
seedlabbhw.gov.np

पत्र संख्या:- २०८०/८
चलानी नं.- १९४

मिति: २०८०/१०/०५

श्री सरकारी/निजि फर्म तथा कम्पनी/कृषक समुह/सहकारी/बीउ व्यवसायीहरु सबै।

विषयः जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयमा यस प्रयोगशालाबाट वा बीउ बिजन निरीक्षकबाट नियमानुसार निरीक्षण भई सकेका बालीहरुको नमुना आधिकारीक नमुना संकलक वा यस प्रयोगशालाका प्राविधिकहरुबाट नमुना संकलन गराउनु हुन र यस प्रयोगशालामा राजस्व जम्मा भई सके पछि मात्र नमुना परीक्षण हुने हुँदा सोही अनुसार गर्नु/गराउनु हुन सबैलाई जानकारीको लागी अनुरोध छ। उक्त बीउ नमुना परीक्षण गराउने क्रममा बीउ बाली निरीक्षण प्रतिवेदन अनिवार्य रुपमा संलग्न गर्नु हुन अनुरोध छ। अन्यथा रित पुर्वक नमुना प्राप्त नभएमा प्रयोगशालाले परीक्षण कार्य गर्न वाध्य हुने छैन।

पुनश्चः प्रयोगशालाको वेव साईट seedlabbhw.gov.np मा गई बीउ बिजन प्रयोगशाला व्यवस्थापन सुचना प्रणाली वा seed.lumbini.gov.np मा गई परीक्षण सम्पन्न भएका नमुनाहरुको प्रतिवेदन संस्थाको आधिकारी ईमेल र परीक्षण नम्वर राखी Online मार्फत समेत प्रतिवेदन प्राप्त गर्न सकिनेछ।

शालिकराम गौतम
नि.प्रमुख

शालिक राम गौतम
नि. प्रमुख